अनुसूची ४

दफा ११ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित

**प्रतिवद्धता पत्र**

मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम अन्तर्गत वित्तिय पहुँच सहयोग कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा ...............................................सहकारी संस्था लिमिटेडको तर्फबाट देहाय देहाय बमोजिम कार्यान्वयन प्रतिवद्धता गर्दछौ।

क. प्रचलित कानून तथा मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७८ को पूर्ण पालना गर्दछौं।

ख. अनुदान रकमबाट प्रवाह हुने ऋण अधिकतम् सदस्यहरुलाई प्रवाह गर्ने र ब्याज दर पाँच प्रतिशतसम्ममा हुने व्यवस्था गर्नेछौ।

ग. परम्परागत पेशा, व्यवसाय तथा सीपको आधुनिकीकरण हुने, उत्पादनमूलक र आय आर्जन वृद्धि हुने परियोजाहरुमा मात्र ऋण परिचालन गर्नेछौ।

घ. सहकारी संस्थाका सदस्यहरुले उनीहरुको कार्ययोजना अनुसारको कार्य सञ्चालन नगरी परियोजनाको निर्धारित अवधि अगावै सो कार्य [illegible] गरेमा वा उत्पादनमूल कार्यक्रममा लगानी नगरी अन्य अनुत्पादक क्षेत्रमा लगानी गरेको पाईएमा त्यस्ता सदस्यहरुबाट प्रचलित ब्याज र हर्जाना सहित फिर्ता गरी अन्य सदस्यहरुको ऋणमा पहुँच बढाउने छौ।

ङ. स्वीकृत लाभग्राहीको सूची बमोजिमका लाभग्राहीलाई ऋण प्रवाह हुन नसकेमा वा अनुदान रकम निस्कृय रहेमा त्यस्तो लाभग्राहीको लागि विनियोजित अनुदान रकम प्रदेश सरकारलाई फिर्ता गर्नेछौ।

च. समान प्रकृतिको कार्यका लागि यस अघि कुनै कार्यक्रम मार्फत अनुदान लिएका छैनौ।

छ. अधिकतम् लाभग्राहीहरुलाई अनुदान कार्यक्रम अवधारणा अनुसार समेट्नका लागि आफ्नो कार्यक्षेत्र वृद्धि गर्दै लैजाने प्रयत्न गर्नेछौ।

ज. सहकारी मुल्य मान्यता, सिद्धान्त.सहकारी कानून र संस्थाको विनियम विपरित हुने गरी कार्यक्रम सञ्चालन गर्नेछैनौ।

झ. जगेडा कोषमा प्राप्त अनुदान रकमलाई पहिलो पटक लगानी भएको ऋण असुली भए पश्चतात पुन: कार्यक्रमले लक्षित गरेका दलित वर्गका व्यक्तिहरुलाई आय आर्जनका लागि ऋण प्रवाह गर्नेछौ।

ञ. सहकारी संस्थाले ऋण परिचालनबाट प्राप्त गर्ने कुल ब्याज मध्ये दश प्रतिशत रकम मूल बिउँपूजीमा बृद्धि हुने गरी सहकारी संस्थाको जगेडा कोषमा जम्मा गर्नेछौ र बाँकी नब्बे प्रतिशत रकम आम्दानीको रुपमा उपयोग गर्नेछौ।

ट. मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चानल कार्यविधि,२०७८ को दफा ७ बमोजिमका शर्तहरु पूर्ण रुपमा पालना गर्नेछौं।

ठ. यसमा व्यक्त भएका हाम्रा प्रतिवद्धताहरु अनुशरण र अवलम्बन नगरेमा प्रचलित कानून बमोजिम सहुला /बुझाउँला।

सहकारी संस्थाको तर्फबाट

सहकारी संस्थाको नाम: .........................................

ठेगाना.............................दायाँ बाँया

सम्पर्क नं ....................

अध्यक्षको नाम थर:

दस्तखत:..................

संस्थाको छाप

मिति

कबुलियत विवरण (सञ्चालक समिति, अध्यक्ष, कोषाध्यक्ष र सचिव)

| नाम | पद | ठेगाना | सम्पर्क नं | दायाँ | बाँया |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

Scanned with CamScanner